# भूमिहिन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकमदिने सम्बन्धी कार्यविधि, २०६८

**प्रस्तावनाः** बर्दिया र कैलाली जिल्लामा केही मुक्त कमैयालाई पुनःस्थापना गर्ने कार्य बाँकी नै रहेकोमा तिनीहरुलाई जग्गा उपलब्ध गराउन नसकिने देखिएको हुँदा जग्गा खरिद गर्न अनुदानको रुपमा रकम नै दिई मुक्त कमैयालाई यथाशिघ्र पुनःस्थापन गराउन र दाङ, बाँके र कञ्चनपुर जिल्लामा सबै मुक्त कमैयालाई पुनःस्थापन गरी एक पटक जग्गा दिई सकिएकोमा केही मुक्त कमैयाको जग्गा भूमिहिन किसान, सुकुम्बासी, जोताहा किसानले अतिक्रमण गरेको, निकुञ्ज र करिडोर क्षेत्रमा परेको, डुवान क्षेत्रमा परेको वा बाढी पहिरोमा परेको हुँदा तिनीहरुलाई सम्भव भए सम्म अर्को जग्गा सट्टा भर्ना दिन र सम्भव नभएमा जग्गा खरिद गर्न अनुदान रकम दिई मुक्त कमैयाको समस्या समाधान गर्न वान्छनिय भएकोले, नेपाल सरकारले यो "भूमिहिन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी कार्यविधि, २०६८" बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "भूमिहिन मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम दिने सम्बन्धी कार्यविधि, २०६८" रहेको छ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा-

(क) "जिल्ला समिति" भन्नाले मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग गठन आदेश, २०६७ वमोजिम गठित जिल्ला समितिलाई सम्झनुपर्छ ।

(ख) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई सम्झनुपर्छ ।

(ग) "आयोग" भन्नाले मुक्त कमैया पुनःस्थापन समस्या समाधान आयोग सम्झनुपर्छ ।

## परिच्छेद २

## जग्गा खरिद गर्न अनुदान रकम उपलब्ध गराउने सम्बन्धी व्यवस्था

३. **मुक्त कमैयाले जग्गा पहिचान गर्नुपर्नेः** (१) पुनःस्थापन हुन बाँकी मुक्त कमैयाले दफा १२ बमोजिम प्राप्त गर्ने रकमले पुग्ने गरी आफूलाई पायक पर्ने स्थानमा खरिद गर्ने जग्गा आफूले पहिचान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा पहिचान गर्दा सम्भव भए सम्म यातायात, विद्युत, शिक्षा, स्वास्थ्य, रोजगारी र आय आर्जनका अवसरहरु भएको स्थानलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सम्भव भएसम्म मुक्त कमैयाले कम्तिमा दश परिवार बसिरहेको वा बस्नमिल्ने स्थानमा जग्गा खोजी गर्नुपर्नेछ ।

४. **जग्गा खरिद गर्नको लागि अनुदान रकम प्राप्त गर्न निवेदन दिनु पर्नेः** मुक्त कमैयाले दफा ३ बमोजिम आफूले पहिचान गरेको जग्गा खरिद गर्नको लागि अनुदान रकम प्राप्त गर्न अनुसूची (१) बमोजिमको ढाँचामा जिल्ला समिति समक्ष निवेदन दिनु पर्नेछ ।

५. **निवेदन उपर छानविनः** (१) दफा ४ बमोजिम प्राप्त निवेदन पेश भएपछि जिल्ला समितिले आवश्यकता अनुरुप सम्वन्धित प्राविधिकबाट स्थलगत निरिक्षण तथा जाँचवुझ लगायतका आवश्यक छानविन गर्नु गराउनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम स्थलगत निरिक्षण तथा जाँचवुझ गर्दा सम्वन्धित प्राविधिकले जग्गाको एकिन गरी खरिद गरिने जग्गाको ट्रेस नक्सामा रेखाकंन समेत गरी पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम भएको छानविनबाट सो जग्गा खरिद गर्न जिल्ला समितिले जग्गाको मुल्य समेतको आधारमा उपयुक्त देखेमा अनुसूची -२ बमोजिमको ढाँचामा सम्झौता गराउनु पर्नेछ ।

६. **भूमिसुधार कार्यालयलाई सिफारिस गर्नेः** (१) जिल्ला समितिले मुक्त कमैया र जग्गाधनी बीच दफा ५ को उपदफा (२) बमोजिमको सम्झौता भएपछि सो सम्झौता सहित जग्गा खरिद गर्नको लागि रकम उपलब्ध गराउन भूमिसुधार कार्यालयलाई कित्ता नंम्बर र क्षेत्रफल सहित सिफारिस गर्नु पर्नेछ ।

७. **जिल्ला समिति नभएको जिल्लामा जिल्ला समितिको काम भूमिसुधार अधिकारीले गर्नेः** जिल्ला समिति नभएको जिल्लाको हकमा दफा ४,५,र ६ बमोजिम जिल्ला समितिले गर्ने काम भूमिसुधार अधिकारीले गर्नेछ ।

८. **जग्गा रजिष्ट्रेशन गर्न मालपोत कार्यालयमा लेखी पठाउनु पर्ने**ः (१) दफा ६ बमोजिम प्राप्त सिफारिस उपर आवश्यक जाँचबुझ गर्दा मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम उपलब्ध गराउन मनासिव देखेमा भूमिसुधार कार्यालयले जग्गा खरिद गरे वापतको रकम भुक्तानी हुने व्यवस्था गरी जग्गा रजिष्ट्रेशन गर्न मालपोत कार्यालयमा लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा रजिष्ट्रेशन गर्न भूमिसुधार कार्यालयबाट लेखी आएमा मालपोत कार्यालयले त्यस्तो जग्गा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन गरिदिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जग्गा रजिष्ट्रेशन गर्दा रजिष्ट्रेशन दस्तुर मिनाहा हुनेछ ।

९. **अरुलाई हक हस्तान्तरण गर्न नपाउने**ः (१) मालपोत कार्यालयले दफा ७ बमोजिम रजिष्ट्रेशन गरी मुक्त कमैयाले खरिद गरेको जग्गाको जग्गाधनी दर्ता स्रेस्ता र जग्गाधनी प्रमाणपूर्जामा हक हस्तान्तरण गर्न नपाउने व्यहोरा उल्लेख गर्नु पर्नेछ र मुक्त कमैयाले त्यस्तो जग्गा कसैलाई रजिष्ट्रेशन गरी हक हस्तान्तरण गर्न पाउने छैन ।

तर प्रचलित कानून बमोजिम नामसारी गर्न बाधा पर्ने छैन ।

१०. **अन्य दस्तुर भूमिसुधार कार्यालयले व्यहोर्ने** (१) दफा ७ बमोजिम मुक्त कमैयाको नाममा जग्गा रजिष्ट्रेशन गर्दा लाग्ने दरखास्त दस्तुर, टिकट दस्तुर र लिखत तयार गरे वापत प्रति लिखत दुई सयका दरले भूमिसुधार कार्यालयले व्यहोर्ने छ ।

(२) उपदफा (१) बमोजिमको रकम भूमिसुधार कार्यालयले अनुदान रकमबाट खर्च गर्न सक्नेछ ।

११. **अभिलेख राख्नुपर्ने**ः (१) मुक्त कमैयाले खरीद गरेको जग्गाको अभिलेख सम्बन्धित मालपोत कार्यालय र भूमिसुधार कार्यालयमा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभिलेख राख्ने प्रयोजनको लागि मालपोत कार्यालयले जग्गा रजिष्ट्रेशन गरेपछि सो को विवरण भूमिसुधार कार्यालयमा पठाउनुपर्नेछ ।

## परिच्छेद ३

## जग्गा खरिद गर्न दिइने अनुदान रकम सम्बन्धी व्यवस्था

१२. **अनुदान रकमको हद**ः (१) परिच्छेद २ बमोजिम मुक्त कमैयालाई जग्गा खरिद गर्न एक लाख पचास हजार रुपैंया सम्म अनुदान रकम दिइनेछ ।

(२) मुक्त कमैयाले उपदफा (१) बमोजिमको रकमले खामे सम्म जतिसुकै जग्गा खरिद गर्न सक्नेछ ।

१३. **रकमको व्यवस्था**ः मुक्त कमैयालाई जग्गा खरीद गर्न देहाय बमोजिमको रकम उपयोग गरिनेछः

(क) कृषि विकास बैंकमा रहेको भूमि बैंकको नामको खातामा रहेको रकम,

(ख) नेपाल सरकारबाट प्राप्त रकम,

(ग) कुनै दातृ निकाय, संघ वा संस्थाबाट नेपाल सरकारलाई यस प्रयोजनका लागि प्राप्त रकम,

१४. **भूमि बैंकको नामको खातामा रहेको रकम भूमिसुधार कार्यालयलाई उपलब्ध गराउनु पर्नेः** (१) मुक्त कमैयाको लागि जग्गा खरिद गरिदिने प्रयोजनको लागि कृषि विकास बैंक केन्द्रीय कार्यालयले मन्त्रालयबाट अनुरोध भए बमोजिम आफ्नो कार्यालयमा भूमि बैंकको नाममा रहेको बैंक खाताको रकम सम्बन्धित भूमिसुधार कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) भूमि बैंकको नामको खातामा रहेको रकम स्थानान्तरण गर्ने, अनुदान रकम संचालन गर्ने र खाता सञ्चालन सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ ।

१५. **रकमको भुक्तानी चेक मार्फत गर्नुपर्नेः** मुक्त कमैयालाई जग्गा खरिद गर्न अनुदान रकम भुक्तानी गर्दा चेक मार्फत गर्नु पर्नेछ ।

## परिच्छेद ४

## जग्गा सट्टा भर्ना दिने सम्बन्धी व्यवस्था

१६. **जग्गा सट्टा भर्ना दिने सम्बन्धी व्यवस्थाः** दाङ्ग, बाँके र कञ्चनपुर जिल्लामा एक पटक पुनःस्थापन गरी दिइसकिएको जग्गा भूमिहिन किसान, सुकुम्बासी, जोताहा किसानले अतिक्रमण गरेको, निकुञ्ज र कोरिडोर क्षेत्रमा परेको, डुवान क्षेत्रमा परेको वा वाढी पहिरोमा परेको कारण उपभोग गर्न नपाएको देखिएमा मन्त्रालयले वन तथा भू-संरक्षण मन्त्रालय र जिल्ला वन कार्यालय समेतको सहयोग लिई अर्को जग्गा सट्टा भर्ना दिने व्यवस्था गर्न सक्नेछ ।

१७. **जग्गा सट्टा भर्ना दिन नसकेमा अनुदान रकम दिइनेः** (१) दफा १६ बमोजिमका मुक्त कमैयालाई सो दफा अनुसार जग्गा सट्टा भर्ना दिन नसकिने भएमा परिच्छेद २ र ३ बमोजिम जग्गा खरिद गर्न अनुदान रकम उपलब्ध गराईनेछ ।

(२) यसरी अनुदान रकम प्राप्त गर्ने मुक्त कमैयाले साविकमा प्राप्त गरेको जग्गाधनी प्रमाणपूर्जा लगायतका श्रेस्ता जिल्ला समितिले बदर गरी नेपाल सरकारको नाममा कायम गर्नु पर्नेछ ।

## परिच्छेद ५

## विविध

१८. **थप जग्गा वा रकम माग गर्न नपाउनेः** मुक्त कमैयाले यस कार्यविधि बमोजिम जग्गा प्राप्त गरिसकेपछि जग्गा नपुग भएको भनी थप जग्गा वा रकम माग गर्न पाउने छैन ।

१९. **घर निर्माण खर्च र काठ उपलब्ध गराउनेः** (१) जग्गा खरिद गर्ने मुक्त कमैयालाई साविक बमोजिम देहायको घर निर्माण खर्च र काठ उपलब्ध गराइनेछः

(क) भूमिसुधार कार्यालयबाट घर निर्माण खर्च दश हजार रुपैंया,

(ख) जिल्ला वन कार्यालयबाट काठ ३५ क्यू. फिट

(२) भूमिसुधार कार्यालयले उपदफा (१) को खण्ड (ख) बमोजिम आफ्नो सिफारिस सहित काठ कटान मुछान गर्न लाग्ने रकम/ज्याला जिल्ला वन कार्यालयमा पठाउनु पर्नेछ र त्यसरी सिफारिस र रकम/ज्याला प्राप्त भएको मितिले दुई महिना भित्र जिल्ला वन कार्यालयले मुक्त कमैयालाई काठ उपलब्ध गराउनु पर्नेछ ।

२०. **उपसमिति गठन गर्न सक्नेः** (१) जिल्ला समितिले यस कार्यविधिमा उल्लिखित कुनै काम गर्न आवश्यकता अनुसार उप समिति गठन गर्न सक्नेछ ।

(२) उप समितिको काम, कर्तव्य र अधिकार जिल्ला समितिले तोके बमोजिम हुनेछ ।

२१. **साविकको काममा निरन्तरता दिनुपर्नेः** (१) मुक्त कमैया पुनःस्थापन जिल्ला समितिबाट गरिने पुनःस्थापनको कार्यलाई निरन्तरता दिन यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन ।

(२) यो कार्य प्रारम्भ हुनु अघि पुनःस्थापनको निर्णय भैसकेको तर कार्यान्वयन हुन नसकेका मुक्त कमैयाको हकमा त्यस्तो निर्णय कार्यान्वयन गर्न सकिने अवस्था भएमा सोही बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

२२. **कार्यबिधि कायम रहने अबधिः** यो कार्यबिधि नेपाल सरकारबाट स्विकृत भएको मितिले पुनःस्थापन कार्य सम्पन्न नभएसम्म कायम रहनेछ ।

२३. **विवरण पेश गर्नु पर्नेः** मुक्त कमैयालाई खरिद गरिएको जग्गाको विवरण तथा भूमि बैंक र अनुदान रकमबाट खर्च गरीएको खर्चको विवरण सम्बन्धित भूमिसुधार अधिकारीले मासिक रुपमा आयोग र मन्त्रालयलाई पठाउनु पर्नेछ ।

२४. **बाधा अड्काउ फुकाउनेः** यो कार्यबिधि वमोजिम जग्गा खरीद गरी पुनःस्थापन गर्ने गराउने सम्बन्धमा कुनै बाधा अड्काउ परेमा भूमिसुधार मन्त्रालयले बाधा अडकाउ फुकाउनेछ ।

मुक्त कमैया पुनःस्थापन जिल्ला समितिबाट साविकको निर्णय बमोजिम मुक्त कमैयाको पुनःस्थापन गर्न संभव भएमा सोही बमोजिम पुनःस्थापना गरिनेछ ।

(१) (२) भूमि वैंक र अनुदान रकमबाट खर्च गरिएको रकम र मुक्त कम्यैालाई खरिद गरिएको जग्गाको विवरण जिल्ला स्थित भूमिसुधार अधिकारीले कृषि विकास वैंकले प्रत्येक महिनाको १५ गते सम्बन्धित भूमिसुधार र मालपोत कार्यालयलाई पठाउनु पर्नेछ ।

(२)

(३) भूमि वैंकको रकम परिचालन गरी पुनस्थापन कार्य शीघ्र सम्पन्न गर्न मुक्त कमैया पुनस्थापन जिल्ला समितिको वैठक पटक पटक राख्न सम्भव नभएमा समितिले समिति मध्येबाटै सानो आकारको एक जग्गा व्यवस्थापन उपसमिति गठन गरी गठन आदेश र कार्यबिधि वमोजिम प्राप्त अधिकार मध्ये तोकिएको अधिकार प्रयोग गर्ने गरी तोकिएको कार्य सम्पन्न गराउने,

(४) दफा ६(ज) वमोजिम उपसमिति गठन भएको अवस्थामा उपसमितिले प्रत्येक महिना कार्य प्रगति प्रतिवेदन जिल्ला समिति समक्ष पेश गर्नुपर्ने । उपसमितिमा निर्णय हुन नसकेका विषयहरुमा निर्णयार्थ जिल्ला समितिमा पेश गरी जिल्ला समितिबाट भएको निर्णयानुसार कार्यान्वयन गर्ने,

(५) जग्गा व्यवस्थापन उपसमितिको वै७क आवश्कता अनुसार बस्ने । उपसमितिले आफ्नो कार्यबिधि आफै निर्धारण गर्ने ।